लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(प्रशासन शाखा)


प.सं.- २०७७/०७८
च.नं.- १५१८

मिति: २०७७/१०/१९

विषयः- सूचना टाँस गरी प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सवै
लेकवेशी नगरपालिका, सुर्खेत ।

प्रस्तुत विषयमा नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोगको मिति २०७७/१०/०९ गतेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना र नगरपालिकाको मिति २०७७/१०/१८ गतेको सूचना तहाँ वडा कार्यालयमा टाँस गरी आवश्यक प्रक्रिया अगाडि बढाउन हुन अनुरोध छ ।

१०/१९

(कृष्णप्रसाद खरेल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः-
श्रीमान् नगर प्रमुखज्यू/ उप-प्रमुखज्यू
लेकवेशी नगरपालिका कल्याण, सुर्खेत ।
श्री सूचना प्रविधि शाखाः- Website मा अपलोड गरिदिनुहुन ।

# लेकवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल
(प्रशासन शाखा)

प.सं.- २०७७/०७८
च.नं.-

मिति: २०७७/१०/१८

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीले निवेदन दिने सम्बन्धी ३५ दिने सूचना ।**

प्रस्तुत विषयमा भुमिहीन दलित, भूमिहीन सुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित वसोवासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धि समस्या समाधान आयोगको मिति २०७७/१०/०९ गतेको प्रकाशित सूचना वमोजिम सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०७७/११/१३) गते भित्र कार्यालय समयमा लेकवेशी नगरपालिकामा वसोवास गर्ने सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीले देहायका आवश्यक कागजातहरु संलग्न गरी घरदैलोमा खटिएका लगत संकलक वा सम्बन्धित वडा कार्यालय वा वडा कार्यालयले तोकेको स्थानमा गई निवेदन दिनुहुन सरोकारवाला सवैमा यो सूचना जानकारी गराईएको व्यहोरा अनुरोध छ ।

निवेदन दिनको लागि आवश्यक कागजातहरु:-

| भूमिहीन दलित/भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थित वसोवासको हकमा |
|---|---|
| १. परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य । | १. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी अनिवार्य । |
| २. परिवारमूली र परिवारमुली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति । | २. परिवारमूली र परिवारमुली पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साईजको फोटो २/२ प्रति । |
| ३. नेपाल राज्य भित्र आफ्नो र आफ्नो परिवारको कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमीन छैन, झुठ्ठा ठहरे कानून वमोजिम सहन बुझाउन मञ्जुर छु भनी गरेको स्वघोषणा । | ३. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपी । (जस्तैः- घरसार कागजको प्रतिलिपी, बसाईसराईको प्रतिलिपी, मतदाता परिचय-पत्रको प्रतिलपी, विद्युत तथा पानीको महशुल बुझाएको प्रमाण, स्थानीय तहले दिएको सिफारिस, घरनक्सा पासको प्रतिलिपी, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण आदि) |
| ४. आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, श्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वघोषणा । | ४. आफु र परिवारका सवै सदस्यहरुको नाममा अन्यत्र रहेको सवै जग्गाको पुर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्यांकन सम्बन्धि स्थानिय तहको रसिद वा पत्र । |
| ५. सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वघोषणा ६. जग्गाधनी पुर्जा भएको तर नदी कटान, पहिरो, डुबान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सवै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र। | ५. भूमि सम्बन्धी ऐन २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० बर्ष अघिबाट निज बसोबास गरि आएको जग्गा आवाद कमोत भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस । |
| | ६. अव्यवस्थित वसोवासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ (ग) वमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वाघोषणा । |
| ७. वडा समितिको बैठकबाट निज भूमिहीन सुकुम्वासी हो भनी गरेको निर्णय । | ७. वडा समितिको बैठकबाट निज अव्यवस्थित वसोवासी हो भनी गरेको निर्णय र सिफारिस । |
| ८. उपभोगको प्रमाण सम्बन्धी अन्य कागजातहरु भएको भए सो को प्रमाणित प्रतिलिपी । | ८. उपभोगको प्रमाण सम्बन्धी अन्य कागजात भए सो को प्रमाणित प्रतिलिपी । |

..........................
(टहलमान अधिकारी)
नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि सम्बन्धी समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस दिने सूचना

(प्रथमपटक सूचना प्रकाशन मिति : २०७७।१०।०९)

भूमि सम्बन्धी समस्या समाधान आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि देहाय अनुसारका स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आफूले बसोबास वा आवाद कमोत गरेको जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स्थानीय तह मार्फत घरदैलोमा खटिएका लगत सङ्कलक वा सम्बन्धित वडा कार्यालयमा फाराममा उल्लेखित विवरणलाई पुष्ट्याई गर्ने प्रमाण कागजात सिधै पेस गर्नुहुन आयोग गठन आदेश, २०७६ को दफा ६(घ) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| प्रदेश | स्थानीय तहको नाम |
|---|---|
| प्रदेश नं १ | हिलिहाङ गाउँपालिका, माङसेबुङ गाउँपालिका, माई नगरपालिका, धनकुटा नगरपालिका, हतुवागढी गाउँपालिका, गौरादह नगरपालिका, दमक नगरपालिका, कमल गाउँपालिका, झापा गाउँपालिका, शिवसताक्षी नगरपालिका, उर्लाबारी नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, बेलवारी नगरपालिका, रंगेली नगरपालिका, चौदण्डीगढी नगरपालिका, त्रियुगा नगरपालिका, कटारी नगरपालिका, बराहक्षेत्र नगरपालिका, धरान उप-महानगरपालिका, मिक्लाजुङ गाउँपालिका, कानेपोखरी गाउँपालिका |
| प्रदेश नं २ | मिथिला नगरपालिका, बर्दिबास नगरपालिका, बागमती नगरपालिका, इश्वरपुर नगरपालिका, ठोरी गाउँपालिका |
| बागमती प्रदेश | कमलामाई नगरपालिका, दुधौली नगरपालिका, घ्याङलेख गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, गोलन्जोर गाउँपालिका, महालक्ष्मी नगरपालिका, गोदावरी नगरपालिका, खाँडादेवी गाउँपालिका, सुनापति गाउँपालिका, हेटौंडा उप-महानगरपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका, कालिका नगरपालिका, माडी नगरपालिका, राप्ती नगरपालिका, इच्छाकामना गाउँपालिका, भरतपुर महानगरपालिका, खैरहनी नगरपालिका, ज्वालामुखी गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, भोटेकोशी गाउँपालिका, जुगल गाउँपालिका, मेलम्ची नगरपालिका, रोशी गाउँपालिका, बेथान्चोक गाउँपालिका, तेमाल गाउँपालिका, तारकेश्वर गाउँपालिका |
| गण्डकी प्रदेश | गल्याङ नगरपालिका, चापाकोट नगरपालिका, फेदीखोला गाउँपालिका, पुतलीबजार नगरपालिका, कालीगण्डकी गाउँपालिका, वालिङ नगरपालिका, भिरकोट नगरपालिका, अन्नपूर्ण गाउँपालिका, भानु नगरपालिका, व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, देवघाट गाउँपालिका, बन्दीपुर गाउँपालिका, भिमाद नगरपालिका, गोरखा नगरपालिका, शहिद लखन गाउँपालिका, चुमनुब्री गाउँपालिका, सिरानचोक गाउँपालिका, क्व्होलासोथार गाउँपालिका, सुन्दरबजार नगरपालिका, दोर्दी गाउँपालिका, मर्स्याङदी गाउँपालिका, दूधपोखरी गाउँपालिका, पैयूं गाउँपालिका, वडिगाड गाउँपालिका, बाग्लुंग नगरपालिका, बेनी नगरपालिका, मंगला गाउँपालिका, हुप्सेकोट गाउँपालिका, मध्यविन्दु नगरपालिका, बिनयी त्रिवेणी गाउँपालिका, देवचुली नगरपालिका |
| लुम्बिनी प्रदेश | तुल्सीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिका, दंगीशरण गाउँपालिका, शान्तिनगर गाउँपालिका, लमही नगरपालिका, गढवा गाउँपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, नरैनापुर गाउँपालिका, बैजनाथ गाउँपालिका, राप्ती सोनारी गाउँपालिका, नेपालगञ्ज उप-महानगरपालिका, बाँसगढी नगरपालिका, बारबर्दिया नगरपालिका, बढैयाताल गाउँपालिका, ठाकुरबाबा नगरपालिका, राजापुर नगरपालिका, गुलरिया नगरपालिका, कृष्णनगर नगरपालिका, बाणगंगा नगरपालिका, बुद्धभुमी नगरपालिका, विजयनगर गाउँपालिका, शुद्धोधन गाउँपालिका, शिवराज नगरपालिका, तिलोत्तमा नगरपालिका, देवदह नगरपालिका, सैनामैना नगरपालिका, गैडहवा गाउँपालिका, मायादेवी गाउँपालिका, |
| कर्णाली प्रदेश | वीरेन्द्रनगर नगरपालिका, लेकवेसी नगरपालिका, सिम्ता गाउँपालिका, पञ्चपुरी नगरपालिका, भेरी नगरपालिका, मुसिकोट नगरपालिका, चौरजहारी नगरपालिका, त्रिवेणी गाउँपालिका, कालिमाटी गाउँपालिका |
| सुदूरपश्चिम प्रदेश | धनगढी उप-महानगरपालिका, कैलारी गाउँपालिका, गोदावरी नगरपालिका, लम्किचुहा नगरपालिका, घोडाघोडी नगरपालिका, महाकाली नगरपालिका, भीमदत्त नगरपालिका |